# राम्रो रेकर्ड राख्नाले करको समयमा सजिलो हुन्छ

**Nepali | नेपाली**

अष्ट्रेलियाको कर प्रणाली स्वयं मूल्यांकनमा आधारित छ। यसको मतलव यद्दपी तपाई ट्याक्स एजेन्ट प्रयोग गर्नुहुन्छ भने पनि तपाईको आफ्नो कर फिर्तामा समावेश गरिएको जानकारीको लागि जिम्मेवार हुनुहुन्छ, तपाईको आय र कटौती ।

वर्षको अवधिमा सहि र सङ्गिठत रेकर्ड राख्दा तपाईंको कर फिर्ता गर्न छरितो र सजिलो बनाउनको लागि मद्दत पुग्दछ। राम्रो रेकर्डले तपाइँ र तपाइँको कर एजेन्ट लाई मद्दत गर्दछ:

- आफ्नो कर फिर्ताको तयारी गर्नुहोस्
- तपाइँको आय र खर्च को प्रमाण प्रदान गर्नुहोस्
- दावीहरु घटाउन

## राम्रो कर रेकर्ड राख्नका लागि सुझावहरू

- आर्थिक वर्षको सुरू देखि रेकर्ड राख्नुहोस्, ताकि तपाईं कुनै आय वा कटौती बिर्सनुहुन्न
- तपाइँको ट्याक्स रिटर्नमा समावेश गर्न चाहानु हुने सबै कटौतीहरूको लागि रसीदहरू राख्नुहोस्, जस्तै work-related expenses , दान, वा उपहारहरु
- तपाइँको रेकर्डहरू सुरक्षित ठाउँमा भण्डार गर्नुहोस्
- myDeductions उपकरण ATO app प्रयोग गरेर तपाईंको बिल वा रसिदको फोटो लिनुहोस्
- पर्याप्त नराख्छैनु भन्नदा धेरै रेकर्ड राख्नु राम्रो हुन्छ।

**महत्वपूर्ण:** तपाईंले कम्तिमा पाँच बर्षको लागि आफ्नो रेकर्ड राख्नु पर्छ। ATO ले तपाईंलाई कुनै पनि समयमा यो देखाउन भन्न सक्छ।

## यो सुरू गर्नको लागि राम्रो समय हो

तपाइँको अर्को करको समयको लागि तपाइँको रेकर्डहरू कसरी राख्नुहुन्छ भनेर व्यवस्थित गर्न अब एक राम्रो समय छ। तपाईंले नियमित रेकर्ड राख्नाले, तपाईंलाई तपाईंको ट्याक्समा अद्यावधिक रहन मद्दत गर्दछ र तपाईंको कर फिर्ताको लागि समय बचाउँदछ।

यदि तपाईंले यस वर्ष आफ्नो कर फिर्ता दर्ता गर्नुभएको छैन भने, अझै ढिलो भएको छैन। तपाइँले सकेसम्म चाँडो पेश गरिहाल्ने वा ATO लाई सम्पर्क गर्नु महत्त्वपूर्ण हुन्छ। यदि तपाईं आफ्नै ट्याक्स रिटर्न गर्दै हुनुहुन्छ भने, तपाईं अझै अनलाइन myTax प्रयोग गरेर पेश गर्न सक्नुहुनेछ। यदि तपाइँ दर्ता गरिएको कर एजेन्ट प्रयोग गर्दै हुनुहुन्छ भने, मद्दतको लागि उनीहरूलाई सम्पर्क गर्नुहोस्।

## कहाँ मद्दत लिने

- Tax time resources अंग्रेजी बाहेक अन्य भाषाहरूमा
- Records you need to keep
- तपाईंको कर फिर्ता पेश गर्न